बौदीकाली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डेढगाउँ, नवलपरासी(ब.सु.पू.)

**गण्डकी प्रदेश, नेपाल**

**प.स.: २०७७/७८**
**च.नं.:**

बौदीकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डेढगाउँ, नवलपरासी (ब.सु.पू.) गण्डकी प्रदेश, नेपाल २०७३

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकशित मिति २०७७/०७/२५ गते)**

प्रस्तुत विषयमा कार्यपालिकाको मिति २०७७/०७/२१ को निर्णयानुसार यस बौदीकाली गाउँपालिकाको लागि तपसिलका पदहरुमा सेवा करारमा लिनु पर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दरखास्त पेश गर्न आह्वान गरिएको छ। दरखास्त फारम यस कार्यालयको वेभसाईट www.baudikalimun.gov.np तथा यस कार्यालयबाट कार्यालय समयमा प्राप्त गर्न सकिने छ।

**तपसिल**

| क्र.सं. | किसिम | विज्ञापन नं. | पद | संख्या | तह | परिक्षा शुल्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | खुल्ला | ४/२०७७/७८ | मेडिकल अधिकृत | १ | आठौं तह | १०००/- | |
| २ | खुल्ला | ५/२०७७/७८ | स्टाफ नर्स | २ | पाँचौ तह | ५००/- | |
| ३ | खुल्ला | ६/२०७७/७८ | कार्यालय सहयोगी | १ | श्रेणीविहिन | २००/- | |

१. **परिक्षाको किसिम :** बौदीकाली गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ बमोजिम।
२. **परिक्षा मितिः** www.baudikalimun.gov.np मा प्रकाशित गरिनेछ।
३. **दरखास्त बुझाउने स्थान :** गाउँ कार्यपालिकाको कार्यालय, डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)।
४. **दरखास्त दिने अन्तिम मिति :** मिति २०७७/ ०८ /०९ गते । दरखास्त बुझाउने अन्तिम मिति सार्वजनिक बिदा परेमा सोको भोलि पल्ट कार्यालय खुल्ने समयमा बुझाउन सकिनेछ।
५. **उमेर हद :** दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने।
६. **शैक्षिक योग्यता :** सम्बन्धित सेवा समुह र पदको लागी लोकसेवा आयोगले तोकेको न्युनतम योग्यता
७. **तलव भत्ता :** स्थानीय सेवाको सोहि सरहको पदले पाउने सुरु तलव स्केल बराबरको तलव भत्ता।
८. **दरखास्त फारम साथ संलग्न गर्नुपर्ने कागजातहरु:**
   क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
   ख. हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो,
   ग. न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
   घ. कार्य अनुभवको हकमा सम्बन्धित निकायबाट प्रमाणित कार्य अनुभव सम्बन्धी कागजात,
   ङ. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको हुनुपर्ने,
   च. पेश गरिने सम्पूर्ण प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्ने।
९. **अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ।**

**नोट** : निवेदकले यस कार्यालयको नाममा रहेको ग्लोबल आई.एम.ई. बैंकको खाता नं. T104010000009 (ग. १.१ आन्तरिक राजश्व खाता) मा तोकिए बमोजिमको रकम जम्मा गरेको बैंक भौचर र निवेदन सहितका कागजातहरु गाउँपालिकाको कार्यालयमा स्वयं उपस्थित भएर तोकिए बमोजिमको फारम भरी दरखास्त पेश गर्न सकिनेछ वा गाउँपालिकाको E-mail ID: baudikalimun@gmail.com मा पठाउन सकिनेछ ।साथै अन्तर्वार्ताका दिन दरखास्त दिंदा आवश्यक पर्ने सम्पूर्ण कागजातहरुको सक्कल प्रति लिई आउनुपर्नेछ । आवेदन फाराम **baudikalimun.gov.np** मा उपलब्ध छ ।